# निक्षेप तथा कर्जा सुरक्षण कोष

गहनापोखरी, काठमाडौँ

## ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना

**आवेदन पेश गर्ने शुरु मिति : २०७६/११/२८**
**आवेदन पेश गर्ने अन्तिममिति :२०७६/१२/४**

निक्षेप तथा कर्जा सुरक्षण कोषको लगानी रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको प्रति शेयर रु. १००।- अंकित दरको जम्मा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको ३,१९४ यस कोषले लिलाम बढाबढको माध्यमद्वारा बिक्री गर्ने भएको हुँदा उक्त शेयर खरिद गर्न इच्छुक संस्थापक शेयरधनीहरूले **मिति २०७६ चैत्र ४** गते भित्र **निक्षेप तथा कर्जा सुरक्षण कोष गहनापोखरी,काठमाडौंमा** आइपुग्ने गरी प्रति कित्ता के कति दररेटमा खरिद गर्न कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ ।

शर्तहरु :

१. आवेदन फाराम यस कोषको कार्यालय, गहनापोखरीमा सिटिजन्स बैंक इन्टरनेसनल लि.को खाता नं.००१०१००००२५८८२०१ मा रु. १००।- (फिर्ता नहुने गरी) जम्मा गरेको भौचर पेश गरी यस कोषको प्रशासन विभागबाट प्राप्तगर्न सकिने छ ।

२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दररेट अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको रकम फरक भएमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयर खरिदको लागि आवेदन गर्दा अधिकतम सम्पूर्ण कित्तासम्म आवेदन दिन सकिनेछ । शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा यस बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमाभन्दा बढी नहुने गरी आवेदन पेशगर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरी आवेदन गर्न पाइने छैन ।

४. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१५८।- (अक्षरेपी एक सय अन्ठाउन्नमात्र) तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन दिनु पर्नेछ ।

५. शिलबन्दी खाम बाहिर **"ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरिद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ ।

६. खरिदकर्ताले आफूले खरिद गर्न चाहेको शेयरको धरौटी वापत प्रस्तावित कुल मूल्यको १० प्रतिशत सम्मको रकम यस कोषको सिटिजन्स बैंक इन्टरनेसनललि. को.खाता नं.००१०१००००२५८८२०१ मा जम्मा गरी सोको भौचर संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ ।

७. शेयर खरिदको लागि छनौट हुने आवेदकले प्रस्तावित कुल रकम मध्ये धरौटी बापत जम्मा गरेको रकम घटाई बाँकी रकम छनौटको सूचना प्रकाशित भएको मितिले सात दिनभित्र यस कोषको सिटिजन्स बैंक इन्टरनेसनल लि. को.खाता नं.००१०१००००२५८८२०१ मा जम्मा गरी सोको भौचर प्रशासन विभागमा पेश गर्नु पर्नेछ । साथै, शेयर नामसारी गर्दा खरीदकर्ताको तर्फबाट भुक्तानी गर्नुपर्ने शुल्क समेत स्वयं खरिदकर्ताले भुक्तानी गर्नु पर्नेछ ।

८. सबैभन्दा बढी दर रेटमा खरिद गर्न प्रस्ताव पेश गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दर रेटमा खरिद गर्न प्रस्ताव पेश गर्ने आवेदकलाई बिक्री गरिनेछ । बोलकबोल

शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरू पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरू माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ ।

९. इच्छुक लगानी कर्ताहरूले आवेदनमा हितग्राही खाता नं.र बैंक खाता नं.अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

१०. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिइने छैन । म्याद नाघी आएको वा रित नपुगेको आवेदनउपर पनि कुनै कारवाही गरिने छैन ।

११. शेयर खरिदगर्न ईच्छुक खरिदकर्ताले नागरिकताको प्रतिलिपि, कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गर्नु पर्नेछ ।

१२. आवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा शेयर खरिदगर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१३. आवेदन मिति २०७६।१२।४ गते दिउसो ५:०० बजे भित्र निक्षेप तथा कर्जा सुरक्षण कोष ,गहनापोखरी, काठमाडौंमा दर्ता भइसक्नु पर्नेछ ।

१४. प्राप्त आवेदनहरू मिति २०७६/१२/५ गते विहान ११:०० बजे निक्षेप तथा कर्जा सुरक्षण कोष ,गहनापोखरी, काठमाडौंमा खोलिने छ । उक्तदिन बिदा परेमा भोलीपल्ट वा कार्यालय खुलेको दिनको विहान ११:०० बजे खोलिने छ ।

१५. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको मिति पश्चात् ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडबाट घोषणा हुने बोनश शेयर तथा लाभांश प्रस्तावित खरिदकर्ताहरूले प्राप्त गर्नेछन् ।

१६. प्राप्त बोलपत्रहरू कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहने छ ।

१७. शेयर खरिद बिक्रीको अन्य प्रक्रिया प्रचलित कानूनको अधिनमा रही सम्पन्न गरिने छ ।

१८. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा निक्षेप तथा कर्जा सुरक्षण कोष ,गहनापोखरी, काठमाडौंको फोन नं.०१-४४१०६५९, ४४२१२४१, ४४१७६०२ एक्सटेन्सन नं. ६०१ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

प्रमुख कार्यकारी अधिकृत